# जातीय समानताको पदोन्नति सम्बन्धी हाल रहेको र योजना गरिएका कदमहरू

## बौद्धिक सम्पत्ति विभाग (Intellectual Property Department)

बौद्धिक सम्पत्ति विभाग (IPD) बौद्धिक सम्पत्ति सम्बन्धी अन्तराष्ट्रिय रूपमा सर्वोच्च रहेका मापदण्डको हकमा उच्च गुणस्तरीय दर्ता सेवाहरू प्रदान गर्ने कार्यमा समर्पित छ, ताकि हङकङ, चीन सिर्जनशीलता र कला सप्रने भूमिको रूपमा कायम रहोस्। सफल र प्रतिक्रियात्मक ट्रेडमार्क, अधिकारपत्र (patent) र बनावट (design) सम्बन्धी दर्ता प्रणालीलाई कायम राख्नको लागि, समाजका हरेक सदस्यहरूलाई समयमै र प्रभावकारी सेवाहरू प्रदान गर्नु महत्त्वपूर्ण छ, चाहे उनीहरूको जातीय पृष्ठभूमि जस्तोसुकै होस्।

विभिन्न जातीय पृष्ठभूमिका मानिसहरूलाई ट्रेडमार्क, अधिकारपत्र (patent) र बनावट (design) सम्बन्धी दर्ता निवेदनमा सहायता गर्नको लागि निम्न कदमहरू उठाइएका छन्:

| | |
|---|---|
| हाल रहेका कदमहरू | • विभिन्न जातीय पृष्ठभूमिका मानिसहरूका लागि दोभाषे (interpretation) र अनुवाद (translation) सेवाहरूका विषयमा दिइएको सूचना सार्वजनिक सेवा केन्द्र (Public Service Counter) मा प्रकाशित गरिएको छ।<br>• चिनियाँ वा अङ्ग्रेजी भाषा नबोल्ने निवेदकहरूलाई IPD ले टेलिफोन दोभाषे (interpretation) तथा अनुवाद (translation) सेवाहरूद्वारा सामान्य सोधपुछको लागि सहयोग गर्छ। निवेदकहरूलाई नि:शुल्क दोभाषे तथा अनुवाद सेवाहरूको उपलब्धता सम्बन्धी पर्चाहरू पनि वितरण गरिनेछ।<br>• यी कदमहरूको एउटा प्रतिलिपि IPD को वेबसाइटमा पोष्ट गरिएको छ। विभिद जातीय पृष्ठभूमिका मानिसहरूका लागि सरकारी जानकारी र सेवाहरू पहुँच गर्नको लागि सरकारको वेबसाइटका हाइपरलिङ्क पनि स्थापित गरिएको छ। |

- रजिष्टारको सामने हुने सुनुवाइमा सहभागी हुने व्यक्तिले मुद्दाको भाषाभन्दा (जस्तै चिनीयाँ वा अङ्ग्रेजी) अन्य भाषामा पेस गर्न चाहन्छ वा साक्षी दिन चाहन्छ भने, त्यसो गर्न दिने अनुमति र आफूले उचित देखे अनुसारका सर्तहरू अनुसार अनुवाद सेवाको बन्दोबस्त गर्ने निर्देशन दिने शक्ति रजिष्टारसँग हुन्छ।

भविष्यको कार्य मूल्याङ्कन

- IPD ले दोभाषे र अनुवाद सेवाहरूको निरन्तर सुधारको लागि विभिन्न जातीय पृष्ठभूमिका निवेदकहरूबाट प्राप्त प्रतिक्रिया तथा सुझावहरूलाई सङ्कलन र विश्लेषण गर्नेछ।
- यसका सार्वजनिक सेवाहरूलाई प्रयोग गर्ने विभिन्न जातीय पृष्ठभूमिका निवेदकहरूलाई सहयोग गर्ने उद्देश्यले IPD ले आफ्ना सेवाहरूलाई समय-समयमा पुनरावलोकन गर्नेछ।

चालिने थप कदमहरू

- जातीय भेदभावसम्बन्धी अध्यायदेश (RDO) (शीर्षक 602) का बारेमा IPD का कर्मचारीहरूको बुझाइ र सचेतना बढाउनका लागि समान अवसर आयोग ("EOC") का सहायताले RDO का सिद्धान्तहरूका सम्बन्धमा सेमिनार वा वार्तालापको व्यवस्था मिलाइने छ । EOC को सिकाइ प्याकेज प्रकाशन गरी IPD का सबै कर्मचारीहरूलाई पुनः वितरण गरिने छ ।
- नयाँ भर्ती भएकाहरूका लागि IPD ले RDO मा प्रशिक्षणका पाठ्यक्रमहरूको व्यवस्था मिलाउन जारी राख्ने छ ।

जातीय समानताको पदोन्नति सम्बन्धी हाल रहेको र योजना गरिएका कदमहरू सम्बन्धी कुनै जिज्ञासाहरू भएमा, कृपया निम्न माध्यमबाट Mr Anakin KWOK, प्रमुख अधिकारीलाई सम्पर्क गर्नुहोस् –

टेलिफोन: : 2961 6899

फ्याक्स नं. : 2574 9102

इमेल : enquiry@ipd.gov.hk

पोष्टल ठेगाना : 25/F, Wu Chung House, 213 Queen's Road East, Wanchai, Hong Kong

**बौद्धिक सम्पत्ति विभाग (Intellectual Property Department)**
**जुलाई 2023**